# तपाईंको

# बाइबल



Four Bible
CL 2120
Nepali

तपाईंको

# बाइबल

Your Bible

एल. जेटर वाकरद्वारा लिखित
तपाईंको बाइबल भन्ने पुस्तकबाट
जुडी वरटेलले संकलन गर्नुभएको

अनुवादक बाल कृष्ण शर्मा

सबै अधिकार आई. सी. आई.
ब्रसल्स, बेल्जीयममा सुरक्षित

# विषय सूची

सबैभन्दा पहिले आउनुहोस् कुराकानी गरौं.... ५

**पाठहरू**

१. बाइबल अध्ययनबाट हुने लाभहरू..............१२
२. परमेश्वरले हामीलाई दिनुभएको पुस्तक......२६
३. तपाईंले चाहनुभएको कुरालाई कसरी
बाइबलमा पाउनसक्नुहुन्छ........................४६
४. पुरानो नियमका पुस्तकहरू.....................५८
५. नयाँ नियमका पुस्तकहरू........................८२
६. बाइबल परमेश्वरको वचन हो भनी
हामीहरूलाई कसरी थाह हुन्छ..............१००

# सबैभन्दा पहिले
# आउनुहोस् कुराकानी गरौं

**तपाईंको अध्ययन-सहायक लेखकको तर्फबाट दुई शब्द**

बाइबलले तपाईंलाई कसरी सहयोग गर्नसक्छ भन्ने कुरामा के तपाईं कहिल्यै अचम्भित हुनुभएको छ? के यो परमेश्वरको वचन मानव जातिको लागि साँचैनै परमेश्वरको सन्देश हो त? यो किन र कसरी लेखिएको थियो होला त? हुनसक्छ यी र यस्तै अरू कतिपय प्रश्नहरू तपाईंको मनमा उठेका छन् होला। यदि यसो हो भने यो पुस्तक विशेषगरी तपाईंकैलागि लेखिएको हो।

धेरै वर्ष पहिले इस्राएलको राजा दाऊदले परमेश्वरको वचनको बारेमा भएको आफ्नो अनुभवलाई व्यक्त गरेका थिए। उनले भनेका थिए, "तपाईंको वचन मेरो खुट्टाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो छ" (भजन ११९: १०५)। तपाईं जो हुनुभएता पनि वा जहाँ हुनुभएता पनि, तपाईंले जस्तो कठिनाईको सामना गर्नुपरेतापनि वा तपाईंले जस्तो सुकै निर्णय गर्नुपरेतापनि दाऊद राजाको

जस्तै निश्चयता तपाईं पनि पाउन सक्नुहुन्छ।

यो पुस्तकको अध्ययनले बाइबल कसरी लेखिएको थियो भन्ने कुरा मात्र बुझ्न तपाईंलाई सहयोग नगरी तपाईंको जीवनको निम्ति यो दैनिक सहायक बन्न पुग्छ, जसमा तपाईं भरपर्न सक्नुहुन्छ। आधुनिक शिक्षण प्रणालीले सिद्धान्तहरूलाई सजिलैसँग सिक्न र तिनीहरूलाई तुरून्तै व्यवहारमा प्रयोग गर्नको निम्ति तपाईंलाई सहयोग पुऱ्याउँछ।

## तपाईंका उद्देश्यहरू के के हुन?

तपाईंले आफ्नो अध्ययनबाट धेरै फायदा उठाउनकोलागि आफ्नो निम्ति लक्ष्य वा उद्देश्यहरू बनाउनुपर्छ र यी लक्ष्यहरू प्राप्तीको लागि आफूले सकेसम्म कोशिश र मेहनत गर्नुपर्छ। यी उद्देश्यहरूलाई किन तपाईंले आफ्नै बनाउनु हुन्न?

- आफ्नो बाइबललाई कसरी प्रयोग गर्नुपर्छ सो सिक्नु।
- किन विश्वासीहरूले बाइबललाई तिनीहरूको निम्ति परमेश्वरको व्यक्तिगत सन्देशको रूपमा स्वीकार गर्छन् सो बुझ्नु।
- दिनहुँ बाइबल पढ्नु।
- बाइबललाई विश्वास र व्यवहारको मार्ग देखाउने पुस्तकको रूपमा स्वीकार गर्नु।

## तपाईंको अध्ययन सहायक

तपाईंको बाइबल भन्ने यो पुस्तक सानो र यसैमा लेख्नहुने किसिमले बनाइएको छ। तपाईं जुनसुकै ठाउँमा जानुहुँदा पनि यसलाई लैजानसक्नुहुन्छ र

अलिकति समय फुर्सत पाउनुभयो भने यसलाई अध्ययनगर्न सक्नुहुन्छ। हरेकदिन यस पुस्तकलाई अध्ययन गर्नको निम्ति केही समय छुट्याउने कोशिश गर्नुहोस्।

प्रत्येक पाठको शुरूमानै पाठका उद्देश्यहरूलाई तपाईंले देख्नसक्नुहुन्छ। यो पुस्तकमा प्रयोग गरिएको उद्देश्य शब्दले तपाईंले आफ्नो अध्ययनबाट के आशा राख्नुपर्छ सो कुरा थाहा पाउनुहोस् भनी तपाईंलाई सहयोग पुऱ्याउँछ। उद्देश्य भनेको अर्थ कुनै लक्ष्य जस्तै हो। तपाईंले आफ्नो मनमा उद्देश्यहरू राखेर अध्ययन गर्नु भयो भने तपाईंले अझै राम्रोसँग अध्ययन गर्नसक्नुहुनेछ।

प्रत्येक पाठका शुरूका दुई पृष्ठहरूलाई बडो होशियारीसाथ अध्ययन गर्नुहोस्। यसले त्यसपछि आउने कुरालाई बुझ्नको लागि तपाईंको मनलाई तयारी गराउँछ। खण्ड खण्ड गरी पाठलाई अध्ययन गर्नुहोस् र तपाईंको अभ्यासको निम्ति भन्ने शीर्षकको तल भएका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि अध्ययन सहायक पुस्तिकामा तपाईंका उत्तरहरूलाई लेख्ने ठाउँ भएन भने आफ्नो अभ्यास-पुस्तिकामा ती उत्तरहरूलाई लेख्नुहोस् र पछि पाठलाई दोहोऱ्याउँदा तपाईंलाई सजिलो पर्न जान्छ। यदि तपाईंले यो पुस्तकलाई समूहमा अध्ययन गर्नुभएको छ भने तपाईंको समूह अगुवाको निर्देशनहरूको पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूका उत्तर कसरी दिने**

यस अध्ययन सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू छन्। तल दिइएकाहरू विभिन्न

किसिमका उदाहरणहरू हुन र तिनीहरूलाई कसरी उत्तर दिनुपर्छ सो देखाइएको छ।

सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नले दिइएका उत्तरहरूबाट सबैभन्दा ठीक उत्तरलाई छान्न लगाउँछन्।

*सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नको उदाहरण*

१. बाइबलमा जम्मा कतिवटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू

**ख.** ६६ पुस्तकहरू

**ग.** २७ पुस्तकहरू

ठीक उत्तरचाँहि ख. ६६ पुस्तकहरू हो। यहाँ तल देखाइए जस्तै तपाईंको अध्ययन सहायकमा ख. को वरिपरि घेरा लगाउनुहोस्ः

१. बाइबलमा जम्मा कतिवटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू

**(ख.)** ६६ पुस्तकहरू

**ग.** २७ पुस्तकहरू

(ठीक उत्तर छान्नुपर्ने कुनै कुनै प्रश्नहरूमा एउटा भन्दा बढी उत्तर ठीक हुनसक्छ। यस्तो अवस्थामा तपाईंले प्रत्येक ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुपर्छ।)

ठीक बेठीक प्रश्नले तपाईंलाई दिइएका बयानहरूबाट कुन कुन ठीक हुन सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

२. तल दिइएका बयानहरूमध्ये कुन कुन ठीक छन्?

**क.** बाइबलमा जम्मा १२० वटा पुस्तकहरू छन्।

**(ख.)** बाइबल आज विश्वासीहरूका निम्ति सन्देश हो।

**ग.** बाइबलका सबै लेखकहरूले हिब्रू भाषामा लेखे।
**(घ.)** पवित्र आत्माले बाइबलका लेखकहरूलाई प्रेरणा दिनु भयो।

**ख.** र **घ.** बयानहरू ठीक छन्। तपाईंले माथि लेख्नुभएझैं तपाईंको आफ्नो छनौटलाई देखाउन यी दुई अक्षरहरूको वरिपरि घेरा लगाउनुहोस्।

जोडा मिलाउने प्रश्नले एकैसाथ जाने कुराहरूको जोडा मिलाउन लगाउँछन्, जस्तै नामहरूलाई तिनीहरूका वर्णनहरूसँग वा बाइबलका पुस्तकहरूलाई तिनीहरूका लेखकहरूसँग।

**३.** प्रत्येक अगुवाले गरेको कामलाई वर्णनगर्ने शब्द समूहको अगाडि त्यस अगुवाको नामको निम्ति भएको अंक लेख्नुहोस्।

| | |
|---|---|
| _1_ **क.** सिनै पर्वतमा व्यवस्था पाउने | १. मोशा |
| _2_ **ख.** इस्राएलीहरूलाई यर्दन पारी लैजाने | २. यहोशू |
| _2_ **ग.** यरिहो शहरको वरिपरि हिड्ने | |
| _1_ **घ.** फिरऊनको दरवारमा बस्ने | |

**क.** र **घ.** शब्दसमूहले मोशालाई सम्बोधन गर्छन्, र **ख.** र **ग.** शब्दसमूहले यहोशूलाई सम्बोधन गर्छन्। तपाईंले माथि देख्नुभएझैं **क.** र **घ.** को पछाडि १ र **ख.** र **ग.** को पछाडि २ लेख्नुहुन्छ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाण-पत्र प्राप्त गर्नको लागि यो पाठ पढिरहनुभएको छ भने, विद्यार्थी प्रतिवेदन प्रश्न-पत्र तपाईंको बाइबल भन्ने छुट्टै पुस्तिका अवश्य पनि पाउनुभएको हुनुपर्छ। यस पुस्तिकामा दुई खण्डहरू छन्। प्रत्येक खण्डमा तपाईंले कहिले भर्नुपर्छ

सो कुरा तपाईंको अध्ययन सहायकलेनै तपाईंलाई बताउने छ। यस पाठका उत्तरहरूलाई तपाईंको क्षेत्रको आई.सी.आई. कार्यालयमा पठाउनको निम्ति दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। आई.सी.आई. को ठेगाना यस अध्ययन सहायकको दोस्रो पृष्ठमा वा विद्यार्थी प्रतिवेदनको अन्तिम पृष्ठमा पाउन सक्नुहुन्छ। तपाईंले यस पाठलाई पूरा गरिसक्नुभएपछि एक सुन्दर प्रमाण-पत्र पाउनु हुनेछ, तर यदि तपाईंले पाठ्यक्रमको यस एकाईमा अर्को पनि पाठ गर्नुभएको छ भने तपाईंको प्रमाण-पत्र यसलाई पूरा गरेको उपलक्ष्यमा छाप लगाइने छ।

## लेखकको बारेमा दुई शब्द

लुवीस जेटर वाकरले संसार वरिपरि भएका मानिसहरूको आत्मिकी खाँचोमा सेवा पुऱ्याउनको निम्ति आफ्नो पूरै जीवन समयनै दिनुभएको छ। उहाँले सेवाको निम्ति अध्ययन गर्नुभयो, त्यसपछि उहाँले ख्रीष्टियान शिक्षामा वि.ए. र एम.ए. को उपाधि प्राप्त गर्नुभयो। उहाँका पुस्तकहरूले ४० वर्षभन्दा पनि बढीको उहाँको सेवाको अनुभवलाई उल्लेख गरेका छन्। ती सेवाहरू शुरूमा उहाँले पेरू, त्यसपछि क्यूबा, र पछि गएर पश्चिम इन्डीज र बेल्जीयममा गर्नुभएको थियो। उहाँले १४ वटा पुस्तकहरू लेख्नुका साथै सुसमाचार र ख्रीष्टियान शिक्षाका धेरै उपयोगी वस्तुहरूलाई संकलन गर्नुभएको छ।

आई. सी. आई. अन्तराष्ट्रिय कर्मचारीका सदस्यहरूले यो पुस्तकको विकासमा र स्वयम-अध्ययन गर्नको निम्ति आधुनिक प्रणालीको प्रयोगमा सँग सँगै मिलेर काम गरेका थिए। तपाईंको

बाइबल भन्ने सबै पुस्तकहरूभन्दा अति महत्वपूर्ण पुस्तक अध्ययनको लागि तपाईंलाई बोलावट भएको छ!

अब तपाईं पाठ १ शुरू गर्न तयारी हुनुहुन्छ। तपाईंको अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष देऊन!